आज मिति २०७६ साल माघ महिनाको १२ गते आइतावार दिनको ११:०० बजे मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसार उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | हस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरिनारायण महतो | |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर वलमपाकी | |
| ९ | वडा अध्यक्ष (७) | युवराज उप्रेती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | |
| १५ | " " | ठेट कुमारी दहाल | |
| १६ | " " | रेणु हेन्जन | |
| १७ | " " | सीता भित्रिकोटी | |
| १८ | " " | अनिता परियार | अनिता |
| १९ | " " | राजदेव ठाकुर | |
| २० | " " | गुलाव ठाकुर | |
| २१ | " " | देवी वहादुर तोलांगे | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत( सचिव) | राम कुमार कार्की | |
| | | सहयोगी कर्मचारीहरु | |
| १ | जिना लामा | स.चौथो तह | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको
## प्रस्ताव तथा निर्णयहरु
## मिति २०७६।१०।१२

### बैठकका प्रस्तावहरु

१. आर्थिक सहायता सम्वन्धमा ।

२. मिथिला सागर पोखरीयमा सहयोगीलाई कामकाजमा लगाउने सम्वन्धमा ।

३. आन्तरिक लेखापरीक्षण गराउने सम्वन्धमा ।

४. खेलकुद सामाग्री उपलब्ध गराउने सम्वन्धमा ।

५. बालुवा, गिट्टी, ग्राभेल, ढुंगा, रोडाको अमानतबाट उठेको रकम दाखिला सम्वन्धमा ।

६. भवनै मर्मत सम्वन्धमा ।

७. मिटिङ्ग हल र अगाडी कोठा थप सम्वन्धमा

### बैठकका निर्णयहरु

निर्णय नं.१ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा तपसिल बमोजिमका वडाहरुबाट सिफारिश भई आएका र नगर कार्यपालिकाको कार्यालयमा दर्ता हुन आएका आर्थिक सहायताका निवेदन अनुसार तपसिल अनुसारको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

क. मिथिला नगरपालिका, ३ नं. वडा कार्यालयको च.नं. ६७६ मिति २०७६।९।२३ को पत्र अनुसार मिथिला नगरपालिका वडा नं. ३ बस्ने उर्मिला देवी आगोबाट पीडित भई उपचाररत रहेकोमा आर्थिक अवस्था कमजोर भई उपचारमा समस्या परेको भनी लेखी आएकोले निजलाई नगर विपन्न आर्थिक सहायता शिर्षकबाट रु. १०,०००।०० (दश हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

ख. मिथिला नगरपालिका वडा नं. १ बस्ने निर्मला देवी कुर्मीले टाउको सम्वन्धी बिरामी भई पटक पटक नेपालका सरकारी एवं प्राईभेट अस्पतालमा उपचार गराउदा घरायसी आर्थिक अवस्था र मानसिक अवस्था समेत कमजोर भई सकेको र बिरामीको सुधार हुन नसकेको कारण डाक्टरको सल्लाह अनुसार भारतको सिलीगुडीमा उपचार गराउनु परेकोले आर्थिक सहयोग पाउं भनी यस नगर कार्यपालिको कार्यालयमा निवेदन दिनु भएकोले निजलाई नगर विपन्न आर्थिक सहायता शिर्षकबाट रु. ५,०००।०० (पाँच हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

ग. धारापानी,धनुषाका श्री बालक दास महाराजले यही आउदो २०७६ माघ १४ देखि माघ २२ सम्म ७ दिनको श्रीमद भागवत सप्ताह धार्मिक महोत्सव ज्ञान महायज्ञ हुन गइ रहेको र लबकुश हनुमानको मन्दिर निर्माणको लागि आर्थिक सहयोग पाउं भनी यस नगर कार्यपालिको कार्यालयमा निवेदन दिनु भएकोले बील

भपाई पेश गर्न लगाई निजलाई सामाजिक परिचालन शिर्षकबाट रु. १५,०००।०० (पाँच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

घ.    मिथिला नगरपालिका वडा नं. १० बस्ने तुलमान वि.क.ले मेरो शरीरमा सेतो रगतको अत्याध्यै कमी भएको कारणले सिभिल अस्पताल, बानेश्वर, काठमाडौमा उपचार भई रहेको, ४८ इन्जेक्सन लाग्ने, प्रति इन्जेक्सन रु. १०,०००।०० लाग्ने, हाल सम्म ५ लाख खर्च भई सकेका, दुई छोरा द्वन्दकालमा मारिएकाले आफ्नो कोही नभएकोले उपचार खर्च पाउँ भनी यस नगर कार्यपालिका कार्यालयमा निवेदन दिनु भएकोले निजलाई सामाजिक परिचालन वा नगर विपन्न सहायता कोष शिर्षकबाट रु. २५,०००।०० (पच्चिस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

ङ.    साविक वेंगाडाबर ४ हाल मिथिला नगरपालिका वडा नं. ८ मा रहेको शितल गुम्वाले ल्होसार चाडमा उपस्थितिको लागि अनुरोध गर्दै कार्यक्रम खर्चको लागि आर्थिक सहायता माग गरेको बील भर्पाइ पेश गर्न लगाई सामाजिक परिचालन शिर्षकबाट रु. १०,०००।०० (दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने।

निर्णय नं. २  प्रस्ताव नं. २ माथि छलफल गर्दा मिथिला नगरपालिका, ७ नं. वडा कार्यालयको च.नं. ७१३ मिति २०७६।१०।१२ को पत्र अनुसार मिथिला नगरपालिका वडा नं. ७ मा रहेको मिथिला सागरको रेखदेख तथा मालीको काम टेक बहादुर कालीकोटेले गर्दै आई रहेकोमा निजको काम सन्तोषजनक नदेखिएकोले अत्यावश्यक भई निजको ठाउँमा तोयानाथ दाहाललाई मिति २०७६।८।१५ देखि कामकाज गर्न लगाइएकोले यस वडा समितिको बैठक बसी निज तोयानाथ दाहाललाई नियमानुसार नियुक्ति दिई कामकाजमा खटाई दिन हुन सिफारिश साथ अनुरोध छ भनी लेखी आएकोले निजलाई निजले काम गरेको मिति २०७६।८।१५ देखि डोर हाजिरी फाराम भराई कामकाजमा लगाई जिल्ला दररेट अनुसारको दैनिक ज्याला दिई कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ३  प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कार्यालयको आ.व. २०७६।०७७ को विनियोजन, राजस्व, धरौटी लगायत संघीय सरकार, प्रदेश सरकारबाट आएका अनुदान लगायतका आम्दानी र खर्चको आन्तरिक लेखापरीक्षण गर्न यस कार्यालयमा आन्तरिक लेखापरीक्षकको व्यवस्था नभएकोले आ.व. २०७५।०७६ को आन्तरिक लेखापरीक्षण गरी दिन कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४  प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिथिला नगरपालिका १ नं.वडा कार्यालयको मिति२०७६।१०।१२ को पत्र अनुसार विभिन्न खेलकुदका सामाग्री पाउँ भनी माग भई आएकोले रु. १०,०००।०० सम्मको खेलकुद सामाग्री वडाबाट नै खरिद गरी दाखिला गरी बील भर्पाई पेश भए पछि नगरपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५ :  प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस मिथिला नगरपालिकाको कार्यपालिकाको मिति ३०७६।५।२६ र मिति २०७६।६।२ को निर्णय अनुसार यस आ.व.मा बालुवा, गिट्टी, ग्राभेल, ढुंगा, रोडाको बिक्री कर ठेक्का नैलागे सम्मको लागि अमानतबाट उठाउने निर्णय भई मिति २०७६।९।२५ गते यस कार्यालयका अधिकृत सातौ श्री केशव कुमार अधिकारीले पेश गरेको प्रतिवेदन अनुसार यस कार्यालयबाट जारी भएको नगदी रसिद अनुसार रु. ७८,७७,४३०।०० उठेकोमा संकलन गर्न तोकिएका कर्मचारीहरुले रु.

Scanned by TapScanner

२७,००,०००।०० मात्र दाखिला गरी रु. ५१,७७,४३०।०० दाखिला गर्न बाँकी रहेको भनी प्रतिवेदन पेश भएकोले निजहरुलाई यथाशीघ्र दाखिला गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयमा रहेका साविकका पशु सेवा कार्यालयको भवन जिर्णोधार अवस्थामा रहेको सो भवनको छत वर्षा हुदाँ चुइने भएकोले उक्त भवनको छाना मर्मत गर्ने भनि सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कार्यालयमा रहेका साविकका कृषि कार्यालयको मिटिङ्ग हल र अगाडी बिम कमजोर साथै रुम आवश्यक भएकोले उक्त भवनको हल मर्मत र रुम थप गर्ने भनि सर्व सम्मतीले निंणय गरियो ।